# अध्यक्षको मन्तव्य

*आदरणीय शेयर सदस्य महानुभावहरू,*

आजको दिन हामी हाम्रो गौरवपूर्ण बाह्रौं वार्षिक साधारण सभा मनाइरहेका छौं । यस क्षेत्रका प्रतिस्थित व्यक्तित्वहरू द्वारा "यहाँको सुख दुःखको सहयात्री" भन्ने नाराका साथ सानो रूपबाट सुरूवात भएको यस संस्थाको वर्तमान अवस्थामा ५००० भन्दा बढि सदस्य आवद्ध भई पैंसट्ठी करोड भन्दा बढि वित्तिय कारोवार गर्न सक्षम भएका छौं । संस्थाले स्थापनाकाल देखि वर्तमान अवस्था सम्म विभिन्न आरोह, अवरोध पार गर्दै आजको दिन सम्म आई पुग्न सफल भएका छौं । यस बिचमा यहाँहरूले दिनु भएको अमूल्य सल्लाह सुझाब एवं योगदानका कारण यस संस्थाले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको निवेदन गर्न पाउँदा मैले धेरै गौरव एवं खुसीको महसुस गरेको छु । संस्थालाई वर्तमान अवस्था सम्म ल्याउन योगदान गर्नुहुने संस्थाका संस्थापक अध्यक्षज्यू, पूर्व अध्यक्षज्यू, संचालक समिति तथा विभिन्न उप-समितिका पदाधिकारी साथीहरू र इमान्दार एवं कर्तव्य निष्ठ कर्मचारीहरू एवं शुभेच्छुक सदस्यज्यूहरू सबै प्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु ।

यस संस्थाले नाफामात्र कमाउन नभई समाज प्रतिको उत्तरदायित्व महसुस् गरि विभिन्न सामाजिक क्रियाकलापहरू गर्नुको साथै एक नौलो कार्यक्रम "छोरी अभियान" वि.सं. २०७४ साल देखि थालनि गरि निरन्तर रूपमा सेवा गर्दै आईरहेका छौं । सहकारीको सात सिद्धान्त मध्ये एक हो "समुदाय प्रति चासो" यसै सिद्धान्तलाई आत्मसाथ गर्दै संयुक्त राष्ट्र संघले लिएको दिगो विकास लक्ष्यलाई आधार मानी दिगो विकासको दुई लक्ष्य "स्वास्थ र समुन्नत समाज" र "लैंगिक समानता" हासिल गर्नको निमित्त आभाष साकोसको एउटा सानो प्रयास हो "छोरी अभियान" । हाम्रो जस्तो अविकसित देशमा प्रजनन स्वास्थको शिक्षा तथा जनचेतनाको कमीका कारण धरै आमा तथा शिशुहरूले ज्यान गुमाइरहेका छन् । तसर्थ मातृ मृत्युदर तथा शिशु मृत्युदर कम गर्न मानिसहरूमा प्रसव अस्पतालमा गराउनु पर्छ भन्ने भावनालाई जागृत गर्न तथा शिशुहरूमा यदि छोरी भएमा भ्रुणहत्या गर्ने प्रबृत्तिलाई निरूत्साहित गर्नका निमित्त तथा हाम्रो समाजमा छोरीलाई जुन हेलाको दृष्टिकोणले हेरिन्छ सो दृष्टिकोणलाई परिवर्तन गर्न आभाष साकोसले छोरी अभियानको सुरूवात गरेको हो । यस कार्यक्रम अन्तर्गत प्रत्येक नव वर्ष र संस्थाको वार्षिक उत्सवका दिन शिर मेमोरियल अस्पताल बनेपामा जन्मने पहिलो छोरीलाई आर्थिक सहयोग सहित स्वागत तथा सम्मान गर्दै आएका छौं । त्यसतै यस संस्थाले सदस्यहरूको स्वास्थ उपचारको लागि सदस्यहरूको आर्थिक सहभागितामा सुरूवात गरेको "आभाष सदस्य सुरक्षा कार्यक्रम" लाई पनि निरन्तरता दिदै आएको छ । गत आ.व. मा उक्त कार्यक्रम अन्तर्गत यस संस्थाले ३६ जना सदस्यहरूलाई विभिन्न रोगको उपचारको लागि

सुविधा वापत कुल रू ३,८५,०००/- प्रदान गरेको थियो । साथै संस्थाले लैंगिक समानताको लक्ष्य अन्तर्गत महिला सशक्तिकरणको लागि महिला समुह कार्यक्रमलाई निरन्तरता दिइरहेको छ । हाल सम्म संस्थाले आफ्नो कार्यक्षेत्र भित्र विभिन्न स्थानमा ३७ वटा महिला समुह गठन गरिसकेको छ । महिलाहरूका लागि विभिन्न शिपमुलक तालिम तथा विभिन्न स्वास्थ शिविर एवं सामाजिक कार्यहरू गर्दै आइरहेको छ र विगत केही वर्षबाट दिगो विकास लक्ष्यको अर्को एक लक्ष्य गुणस्तरीय शिक्षामा पनि संस्थाले कार्यक्रमहरू अगाडी बढाएको छ र उक्त क्षेत्रमा थप कार्यक्रमहरू गर्ने योजना रहेको कुरा यस सभामा अवगत गराउन चाहन्छु । संस्थाले गरेका सम्पूर्ण कार्यक्रमहरूको विस्तृत विवरण सचिवज्यूको प्रगति प्रतिवेदनमा उल्लेख गरिएको छ ।

*आदरणीय शेयर सदस्यज्यूहरू*

सहकारीको नैतिक मुल्य अन्तर्गत पर्ने इमान्दारिता र पारदर्शितालाई यस संस्थाले सर्वोपरि ठानी सोही बमोजिम कार्यहरू गर्दै आइरहेको छ । यसै अन्तर्गत समय समयमा नियमकारी निकायबाट यस संस्थाको निरिक्षण तथा अनुगमन भएको व्यहोरा यस सभामा जानकारी गराउन चाहान्छु । हामीले पहिले जगेडा कोष र ऋण जोखिम कोष जस्ता संस्थाको लागि अति आवश्यक कोषहरूको व्यवस्थामा ध्यान दिएका थिएनौं र त्यसको असर आज सम्म पनि हामीहरूले भोग्नु परेको छ । विगत केही वर्षदेखि हामी पूर्णरूपमा पारदर्शि हुँदै खराब भएका ऋणहरूको जोखिम कोष व्यवस्था र जगेडा कोषलाई मापदण्ड बमोजिम बनाउने योजनामा अगाडी बढेका छौं । विगतका कमीकम्जोरीका कारण आज सम्म पनि हामीले ऋण जोखिम कोष र जगेडा कोषमा पर्याप्त रकम जम्मा गर्न सकेका छैनौ । यस संस्थाको पहिलो प्राथमिकता भनेको सदस्यहरूको हित र सदस्यहरूको सम्पत्तिको सुरक्षा गर्नु हो तसर्थ संस्थाले यी दुई कोषलाई मजबुत बनाएर संस्थालाई र सदस्यहरूको सम्पत्तिलाई सुरक्षित र संस्थालाई उत्कृष्ट संस्थाको रूपमा स्थापित गर्ने योजनामा अगाडी बढ्दै गरेको कुरा मेरो प्रतिबद्धता का साथ यस गरिमामय सभामा व्यक्त गर्न चाहान्छु ।

अहिले हामी कोभिड-१९ को दोस्रो लहरको महामारीले निम्त्यएको अस्तव्यस्त अर्थव्यवस्थाबाट गुज्रिहरका छौं । भावीदिनहरूमा अझ कति जेखिम आउने हो कसैले भन्न सक्ने अवस्था छैन । सरकार अन्यौलमा छ । देशको अर्थतन्त्रमा कति ठूलो असर गर्छ भनेर कसैले यकिन गर्न सकेको छैन । महामारी अझ कति समय लम्बिने भन्ने विषयमा कुनै ठोष निश्कर्ष निस्केको छैन । प्रकृतीले निम्त्यएको यो चुनौतीको बावजुद हामीले संस्थाको सेवालाई निरन्तरता दिइरहेका छौं । यस्तो प्रतिकुल अवस्थामा पनि सदस्यहरूको साथ र सहयोगले हाम्रो संस्थाको कारोवारमा उल्लेख्य बृद्धि भएको छ तर यस आर्थिक वर्षमा संस्थालाई ठूलो चनौती छ । यस आर्थिक

वर्षमा खर्चमा बृद्धि हुने तर आम्दानीमा ठूलो संकुचन हुने सम्भावना रहेको छ । बैंकहरूले सहकारी संस्थाको निक्षेपमा प्रदान गर्ने व्याजदरमा गिरावट भई नगन्य मात्रामा व्याजदर रहेको छ, सहकारी विभागद्वारा जारी गरेको सन्दर्भ व्याजदरका कारण ऋण लगानीमा व्याज घटाउनु पर्ने बाध्यकारी परिस्थितीको ठिक विपरित सदस्यहरूको बचतमा प्रदान गर्ने व्याजदर घटाउन तथा समायोजन गर्न कठिन भएको अवस्था, कोभिड-१९ को पहिलो लहर केही मात्रामा कम हुँदाहुँदै पुनः दोस्रो लहरको महामारीले ग्रसित भएर थलिएको अर्थतन्त्रका कारण लगानीको सबै सम्भावीत क्षेत्रहरू पूर्ण रूपमा प्रभावित भई ऋण लगानीनै नहुने अवस्था, अत्याधिक तरलताको व्यवस्थापनको समस्या, सम्पूर्ण सदस्यहरू र विशेष गरि ऋण उपभोग गरिरहनु भएका सदस्यहरूको सामाजिक र आर्थिक अवस्थामा कस्तो परिवर्तन आउन सक्छ भन्ने यकिन गर्न नसकिने अवस्था, महामारीको कारण कर्मचारीहरूले निर्धक्क भएर काम गर्न नसक्ने अवस्था र प्रकृतीको प्रहार संघ जुध्नु पर्ने अवस्थामा सहकारीहरू बिच भइरहेको अस्वस्थ प्रतिस्पर्धाका कारण समस्या माथि अझ थप समस्या सृजना भएको छ ।

अस्वस्थ प्रतिस्पर्धाका बावजुद यस संस्थाले सदस्यहरूलाई बचतमा उचित व्याज प्रदान गर्नुका साथै अन्य आर्थिक तथा सामाजिक सेवा सुविधाहरू प्रदान गर्दै आइरहेको छ तर विगत केही वर्षदेखि शेयरमा प्रतिफल बचतको व्याजदर भन्दा केही कम रहेको छ । तथापी यस संस्थामा शेयर लगानी गर्नुहुने सदस्यज्यूहरूले आज सम्म पनि प्रतिफल कम भयो भनेर गुनासो गर्नुभएको छैन किन भने सबै सदस्यज्यूहरूले बुझ्नु भएकोछ की संस्था अब नया दिशा तर्फ उन्मुख भई सकेको छ । संस्थाले बचतमा व्याज बजारको अवस्था बमोजिम कायम गर्नु पर्छ तर शेयरमा प्रतिफल भनेको संस्थाको क्षमता अनुसार प्रदान गर्ने विषय हो । अस्वस्थ प्रतिस्पर्धा तथा सहकारीको शिक्षाको कमीका कारण केही सहकारीहरूले संस्थाको सामर्थ्य नभएता पनि नियम विपरित लाभांस वितरण गरिरहेका छन् तर यो उचित होइन । जगेडा कोष र ऋण जोखिम कोषको ज्ञानको कमीका कारण यस्ता कमी कमजोरी भएको जस्तो लाग्छ । अन्दाधुन्ध रूपमा सहकारीहरू संचालन भईरहेको छ । हामी बचत तथा ऋण सहकारीहरू भनेको आर्थिक कारोवार गर्ने संस्था हो र यो सबै भन्दा जोखिमपूर्ण व्यवसाय गर्ने संस्था हो । हामीले सदस्यहरू संग आर्थिक कारोवार गर्छौं, सदस्यहरू संग बचत संकलन गरि सोही बचतलाई सदस्यहरूमाझ ऋण लगानी गर्छौं । यस कारण हाम्रो जस्तो संस्था संचालन गर्न पारदर्शिता र इमान्दारिता सबैभन्दा मुख्य कुरा हो । हामी आर्थिक कारोवार गर्ने संस्था आर्थिक अनुशासनमा बस्नु जरूरी छ ।

अबको केही वर्षहरू हाम्रो लागि चुनौती पूर्ण छ तर त्यस चुनौतीलाई पार गर्न प्रत्येक सदस्यको साथ, सुझाव , सर्मथन तथा विश्वास निरन्तर रूपमा पाइरहने

विस्वास लिएका छौं । सुधारका केही पक्षहरू अझै बाँकीनै छन हामी सुधार र प्रगतीको पथमा अग्रसर छौं । हामीले वर्तमान परिपेक्षमा चलिरहेको अस्वस्थ प्रतिस्पर्धाबाट अलग रही एउटा स्वस्थ प्रतिस्पर्धाको सिद्धान्त अँगाली नियम अनुसार आफ्ना सदस्यहरू तथा समाजप्रति उत्तरदायित्व निर्वाह गर्ने उद्देश्य सहित आज हाम्रो संस्था सफलताका साथ अगाडि बढिरहेको निवेदन गर्दछु । तथापी अस्वस्थ प्रतिस्पर्धाले गर्दा धरै चुनौतीहरूको सामना गर्नु परिरहेको अवस्थामा सहकारी विभागबाट ऋण लगानीमा तोकिएको अधिकतम ब्याजदरमा हामीले ऋण लगानी गर्नुपर्ने हुन्छ । यस कारण संस्थाले बचतको ब्याजदरमा पनि केही समायोजन गर्नुपर्ने हुन्छ । तसर्थ म सम्पूर्ण सदस्यज्यूहरूलाई के आग्रह गर्न चाहन्छु भने बचतमा असान्दर्भिक र अस्वाभाविक ब्याजदर यदि कनै संस्थाले प्रदान गर्छ भने तपाईहरूले बिचार पुऱ्याउनु पर्ने हुन्छ । अधिक ब्याजको कारण तपाईको सम्पत्ति, तपाईहरूले अति दुखः कष्टले जम्मा गरेको बचत कतै जोखिममा त छैन । बजर विश्लेषण गर्नुस अनिमात्र बचत गर्नुस, यहि मेरो अनुरोध छ सम्पूर्ण सदस्यज्यूहरूलाई ।

*शेयर सदस्य महानुभावहरू,*

अन्तमा, यस संस्थालाई आजको अवस्थासम्म पुऱ्याउन सहयोग गर्नुहुने शेयर सदस्यज्यूहरू, नियमन निकाय, सञ्चालक समितिका पदाधिकारी एवं उप समितिका पदाधिकारीहरू तथा कर्मचारी मित्रहरूलाई धन्यवाद तथा नजिकिदैं आएको यस वर्षको शुभ विजया दशमी तथा शुभ दिपावलीको शुभकामना व्यक्त गर्दै म मेरो मन्तव्य यहिं टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

जय आभाष , जय सहकारी

# सचिवको वार्षिक प्रगति प्रतिवेदन

प्रकाश कायस्थ - **सचिव**

यस संस्थाको २०७७ श्रावण देखि २०७८ असारसम्मको प्रगति प्रतिवेदन यस प्रकार रहेको जानकारी गर्दछु ।

## १. सदस्यता विवरण

आर्थिक वर्ष २०७६/०७७ को असार मसान्त सम्ममा सदस्य सदस्य संख्या ४३८४, जसमा पुरूष सदस्यता संख्या २३२६, महिला सदस्यता संख्या २०२४ र संस्थागत सदस्यता संख्या ३४ रहेकामा आर्थिक वर्ष २०७७/०७८ मा सदस्य संख्यामा ५१७ जना सदस्यहरू बृद्धी हुनाले कुल सदस्य संख्या ४९०१, जसमा पुरूष सदस्यता संख्या २६०९, महिला सदस्यता संख्या २२५८ र संस्थागत सदस्यता संख्या ३४ रहेको छ ।

बाल बचतकर्ताको हकमा गत आर्थिक वर्ष २०७६/०७७ को असार मसान्त सम्ममा जम्मा बाल बचतकर्ताको संख्या ३३४ रहेकोमा आर्थिक वर्ष २०७७/०७८ मा १५५ जना बाल बचतकर्ता थप भई कुल बाल बचतकर्ताको संख्या ४८९ पुगेको छ ।

## २. आव₵ता

यस आभाष बचत तथा ऋण सहकारी संस्था देहाय बमोजिमाका निकायहरूमा आवद्ध रहेको जानकारी गराउँदछु ।

- काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
- जिल्ला सहकारी संघ लि., काभ्रे
- बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
- राष्ट्रिय सहकारी बैंक लि.
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.

## ३. एघारौं वार्षिक साधारण सभा

आभाष बचत तथा ऋण सहकारी संस्थाको एघारौं वार्षिक साधारण सभा मिति २०७७ कार्तिक २२ गते शनिबारको दिन नेपाल परिवार नियोजन संघ, काभ्रे शाखाको सभा हलमा सम्पन्न भएको थियो । उक्त साधारण सभामा २५९० जना (कुल सदस्यको ५२.६५ प्रतिशत) सदस्यहरूको उपस्थिति रहेको जानकारी गराउँदछु ।

## ४. बैठक

आर्थिक वर्ष २०७७/०७८ मा निम्न बमोजिम समिति, उप-समितिहरूको बैठक बसेको थियो ।

| | |
|---|---|
| • संचालक समिति | १९ पटक |
| • लेखा सुपरिवेक्षण समिति | २ पटक |
| • ऋण उप-समिति | ७ पटक |
| • पदपूर्ति उपसमिति | २ पटक |
| • कार्यक्रम तथा बजेट मस्यौदा उपसमिति | २ पटक |
| • महिला उपसमिति | १ पटक |
| • निर्वाचन समिति | ६ पटक |

## ५. व्यवस्थापन तथा कर्मचारी

क) मिति २०७७ श्रावण १२ गते बाट लागु हुने गरि व्यवस्थापकिय निर्णयबाट पनौती सेवाकेन्द्रमा टेलर पदमा कार्यरत कर्मचारी श्री निता श्रेष्ठको राजिनामा स्वीकृत गरिएको ।

ख)#पनौती सेवाकेन्द्रमा खाली भएको टेलर पदमा पनौती सेवा केन्द्रमा कार्यरत कर्मचारी श्री सुन्तली तामाङ्लाई साविककै पद तथा आर्थिक सुविधा कायम गरि जिम्मेवारी मात्र थप गरि व्यवस्थापकिय निर्णयबाट टेलरको जिम्मेवारी दिइएको ।

ख) मिति २०७७ श्रावण १५ गतेबाट लागु हुने गरि नागरिकता नं. ३०-०१-७५-१००८ को पनौती ६, काभ्रे बस्ने श्री बबिता हुमागाईलाई पनौती सेवाकेन्द्रको लागि बजार प्रतिनिधि पदमा नियुक्त गरिएको ।

ग) मिति २०७७ भाद्र १ गते देखि लागु हुने गरि वरिष्ठ सहायक पदमा कार्यरत रही रिकभरी सुपरभाइजरको जिम्मेवारी सम्हलीराख्नु भएका कर्मचारी श्री रिकेश थापालाई अधिकृत (द्वितिय तह) पदमा बढुवा गरि रिकभरी इन्चार्जको जिम्मेवारी प्रदान गरिएको ।

घ) मिति २०७७ भाद्र १ गते देखि लागु हुने गरि सहायक पदमा कार्यरत रही टेलरको जिम्मेवारी सम्हलीराख्नु भएका कर्मचारी श्री निलिमा श्रेष्ठलाई वरिष्ठ सहायक पदमा बढुवा गरि अपरेसन इन्चार्जको जिम्मेवारी प्रदान गरिएको ।

ङ) मिति २०७७ पौष १६ गते बाट लागु हुने गरि व्यवस्थापकिय निर्णयबाट मुख्य कार्यालयमा बजार प्रतिनिधि पदमा कार्यरत कर्मचारी श्री गिता देवी ढुँगानाको राजिनामा स्वीकृत गरिएको ।

च) मिति २०७७ फागुन २० गते बाट लागु हुने गरि व्यवस्थापकिय निर्णयबाट भकुण्डे सेवाकेन्द्रमा बजार प्रतिनिधि पदमा कार्यरत कर्मचारी श्री सञ्जु ओझाको राजिनामा स्वीकृत गरिएको ।

## ६. सुमह कार्यक्रम

आभाष बचत तथा ऋण सहकारी संस्था लि. मा स्वेच्छाले सम्मिलित भएका व्यक्ति र समुहलाई संगठित गरी आर्थिक, सामाजिक तथा समूदायिक कार्यक्रमहरू सुव्यवस्थित तरिकाबाट प्रजातान्त्रिक तवरले संचालन गर्न २०७२ साल असोज १५ गतेको छैठौं वार्षिक साधारण सभाबाट पारित गरिएको कार्यक्रमको आधारमा १० जना देखि बढिमा २५ जना सम्म सदस्य रहने गरि समूह गठन गरी समूह संयोजकको नेतृत्व तथा प्रतिनिधित्वमा कार्यक्रम विस्तार तथा सेवा आदान प्रदान गर्न संस्थाले समुह संचालन निर्देशिका २०७२ लागु गरेको छ ।

### कार्यक्रमको उद्देश्य

क) सदस्यहरू बीच सामूहिक जिम्मेवारी र संस्थाको उद्देश्य प्राप्तिका लागि उत्तरदायित्वको बोध गराउने ।

ख) एकका लागि सबै र सबैका लागि एकको भावनालाई अंगिकार गरि आपसमा मिलेर सहकार्य गर्ने ।

ग) सदस्यहरू बिच आपसी सहयोग, सहानुभूति एवं सद्भावको अभिबृद्धि गर्ने, समुहका सदस्यहरूको आर्थिक, सामाजिक, नेतृत्व विकासका लागि कार्यक्रम समुह मार्फत संचालन गर्ने ।

घ) जनसमुदायमा सहकारिताको प्रचार प्रसार गरी समुहमा आवद्ध भई संस्था संचालनमा सहमागी गराउने ।

ङ) आर्थिक, सामाजिक र सामुदायिक विकासका कार्यक्रमहरू समूह मार्फत मिलेर संचालन गर्ने ।

### समुह गठन

प्रारम्भिक चरणमा समुह संचालन निर्देशिका २०७२ को अधिनमा रहि संस्थामा आवद्ध महिला सदस्यहरूलाई सहकारीको गतिविधिहरूमा सहभागि गराई आर्थिक तथा सामाजिक रूपमा सवल बनाउने उद्देश्यले महिलाहरू सम्मिलित समुह गठन

कार्यक्रमलाई प्राथमिकताका साथ अगि बढाइएको व्यहोरा जानकारी गराउन चहान्छु । यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७६/७७ मा कुल ३७ वटा महिला समुह गठन भएकोमा आर्थिक वर्ष २०७७/७८ मा कोभिड महामारीको कारण समुह गठन कार्यलाई स्थगित गरिएको हुनाले आर्थिक वर्ष २०७७/७८ मा महिला समुह थप नभएको हुनाले कुल महिला समुह ३७ वटा गठन भई सक्रिय रूपमा संचालित भइरहेको जानकारी गर्दछु ।

## ७. जोखिम व्यवस्थापन

संस्थामा रहेको सम्पत्तिहरूको नगद परिचालन नीति २०७० तथा अन्य प्रावधान मुताविक देहायअनुसारको विमा गरि जोखिम व्यवस्थापन गरिएको छ ।

क) बैंक देखि कार्यालय तथा कार्यालय देखि बैंक सम्मको नगद कारोवारको जोखिम व्यवस्थापन गर्नका निमित्त नगद मार्गस्थ विमा मुख्य कार्यालयको लागि रू २५,००,०००।-, पनौती सेवाकेन्द्रको लागि रू ५,००,०००।- र भकुण्डे सेवाकेन्द्रको लागि रू ५,००,०००।- को गरिएको ।

ख) संस्थामा दैनिक कारोवार गर्नको निमित्त संस्थाको कार्यालय परिसर भित्र रहने नगदको जोखिम व्यवस्थापन गर्न काउन्टर र भल्टको मुख्य कार्यालयको लागि रू ४०,००,०००।-, पनौती सेवाकेन्द्रको लागि रू ५,००,०००।- र भकुण्डे सेवाकेन्द्रको लागि रू ५,००,०००।- को गरिएको ।

ग) संस्थामा कार्यरत बजार प्रतिनिधिहरूले बजार बाट संकलन गरेको बचत रकमलाई सुरक्षित गर्नको निमित्त प्रत्येक बजार प्रतिनिधिको रू १००,०००।- का दरले रू ५००,०००।- को नगद मार्गस्थ विमा गरिएको ।

## ८. सम्पन्न भएका कार्यक्रम तथा योजनाहरू

क) २०७७ कार्तिक २२ गते यस आभाष बचत तथा ऋण सहकारी संस्था लि. को एघारौं वार्षिक साधारण सभा नेपाल परिवार नियोजन संघ, काभ्रेको सभा हलमा सुसम्पन्न गरियो ।

## ९. आभाष सदस्य सुरक्षा कार्यक्रम

पाँचौं वार्षिक साधारण सभाबाट अनुमोदन भएको प्रस्तावित कार्यक्रम तथा योजना अन्तर्गत सदस्यहरूको सुविधालाई मध्येनजर गरि यस संस्थाले सदस्यहरूको आर्थिक सहभागितामा आभाष सदस्य सुरक्षा कार्यक्रम लागु गरि सो अन्तर्गत देहाय बमोजिमको सुविधाको व्यवस्था गरेको छ ।

**सुविधाहरू :**

क) कथमकदाचित मुटुको बाईपास सर्जरी, मिर्गौला प्रत्यारोपन, मष्तिस्कघात, क्यानसर र पक्षधात रोग लागी सोको उपचार गराउनु परेमा वा उपचारको क्रममा सदस्यको मृत्यु भएमा सोबाट परिवारमा पुग्न जाने क्षतिमा संस्थाको तर्फबाट यस संस्थामा आवद्ध सदस्यहरूको जिवनको सुरक्षा तथा सदस्यमा आश्रित परिवारलाई आर्थिक सहयोग सुविधा पुऱ्याउने उद्देश्यले क्षतिपूर्ति वापत रू २५,०००।– प्रदान गरिनेछ ।

ख) बुँदा नं. "क" मा उल्लेख गरेको वाहेक अन्य कुनै रोग लागि उपचारको क्रममा शल्यक्रिया गर्नु परेमा सदस्यलाई लागेको रोग र सोको उपचार खर्चको आधारमा बढिमा रू १०,०००।– प्रदान गरिनेछ ।

ग) सुरक्षा कार्यक्रममा सहभागि भएका सदस्यहरूको काल गतिले मृत्यु भएमा रू १०,०००।– प्रदान गरिनेछ ।

घ) सुरक्षा कार्यक्रममा सहभागि भएका सदस्यहरूको यस आर्थिक वर्ष देखि रू १,००,०००।– (अक्षरूपी एक लाख मात्र) को दुर्घटना मृत्यु विमा गरिनेछ । सुरक्षा कार्यक्रममा सहभागि भएको एक आर्थिक वर्ष पश्चात मात्र यदि अनिवार्य बचत सो आर्थिक वर्षमा अटुट रूपमा बचत गरेको भएमा मात्र सदस्यको विमा गरिनेछ । अनिवार्य बचत नगरेको अवस्थामा उक्त सदस्यको विमा गरिने छैन ।

ङ) सुरक्षा कार्यक्रममा सहभागि भएका सदस्यहरू वा सो सदस्यको एकाघर परिवारका कुनै सदस्यलाई औषधी उपचार गर्नुपर्ने भएमा सदस्यको ऋण तिर्न सक्ने क्षमताको आधारमा बढिमा रू १,००,०००।– सम्मको ऋणमा अवस्था र आवश्यकता मुताविक संस्थाबाट बढिमा तीन महिना सम्मको लागि व्याज छुट गर्ने व्यवस्था गरिएको छ ।

**प्रावधानहरू :**

- उक्त कार्यक्रममा सहभागि हुन ६५ वर्ष ननाघेका सदस्यहरूले रू २०००।– रकम संस्थामा बुझाई सदस्यता लिन सक्नु हुनेछ ।
- सुविधा वापत सुविधाको बुँदा "क" मा उल्लेख पाँचवटा रोग, "ख" मा उल्लेख उपचार खर्च र "ग" मा उल्लेख गरिएको सुविधा मध्ये केवल एक पटकको लागि मात्र उपचारको क्रममा वा सदस्यको मृत्यु भएमा संस्थाले सदस्यलाई वा एकाघर परिवारलाई प्रावधान मुताविक रू २५,०००।– वा रू १०,०००।– रकम प्रदान गर्नेछ ।

- एक पटक सुविधा रकम प्रप्त गरिसकेपछि पुनः सदस्य सुरक्षा कार्यक्रममा रू २०००।- रकम बुझाई सदस्यता नविकरण गुर्न पर्नेछ ।

- कुनै एक प्रकारको रोगको लागि गरिएको शल्यक्रियाको एक पटकमात्र क्षती पूर्ति दिइनेछ । नविकरण पश्चात पुनः सोही रोगको शल्यक्रिया गर्नु परेमा क्षति पूर्ति प्रदान गरिने छैन ।

**प्रगति विवरण :**

- २०७७ असार मसान्त सम्ममा २५३८ जना सदस्यहरू सुरक्षा कार्यक्रममा सहभागि हुनु भएकोमा आर्थिक वर्ष २०७७/७८ मा ३०५ जना सदस्यहरू पूर्ण रूपमा सहभागी भई सुरक्षा कार्यक्रममा कुल सदस्य २८४३ जना सहभागि हुनु भएको र सुरक्षा कार्यक्रममा २०७८ असार मसान्त सम्ममा कुल रू ५७,५४,१५९।७० (अक्षरूपी सन्ताउन्न लाख चवन्न हजार एक सय उनान्साठ्ठी रूपैयाँ सत्तरी पैसा मात्र) संकलन भएको जनकारी गराउन चहान्छु ।

- सदस्यहरूको हितलाई थप मध्यनजर गरि सदस्यहरूको सुझाव बमोजिम यस कार्यक्रममा सुविधाहरू थप गर्ने योजना रकेको व्यहोरा पनि यस सम्मानित सभामा जानकारी गराउन चहान्छु ।

भावि दिनहरूमा उक्त कार्यक्रममा सदस्यहरूको उत्साहजनक सहभागिता हुनेछ भन्ने आशा गर्दै सुविधाहरू पनि थप हुँदै जाने विश्वास दिलाउन चाहन्छु । सम्पूर्ण सदस्य महानुभावहरूलाई कार्यक्रममा अनिवार्य सहभागि गराउने लक्ष्यका साथ लागु गरिएको कार्यक्रममा आफ्नो सहभागिता जनाई दिनुहुन विनम्र अनुरोध गर्दै कार्यक्रमको सदस्यता तथा सुविधाका लागि नियमहरू तर्जुमा भएको हुनाले सदस्यहरूले सदस्यता दर्ता गर्दा संस्थाले लागु गरेका नियम तथा प्रावधानहरू अक्षरस बुझेर सदस्यता दर्ता गरिदिनु हुन पनि अनुरोध गर्दछु ।

**सुरक्षा कोष अन्तर्गत सुविधा रकम वितरण गरिएको विवरणः**

सुरक्षाकोषमा आबद्ध भएको सदस्यहरू मध्ये चारजना सदस्यको कालगतीले मृत्युभएको कारण प्रति सदस्य रू १०,०००/- का दरले कुल रू ४०,०००/-, एकजना सदस्यलाई क्यन्सर भएको कारण प्रति सदस्य रू २५,०००/-का दरले कुल रू २५,०००/- र विभिन्न रोग लागि उपचार गर्ने क्रममा शल्यक्रिया गरेको कारण ३२ जना सदस्यलाई रू १०,०००/- का दरले ३,२०,०००/- गरि सुरक्षा कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७७/७८ मा ३७ जना सदस्यहरूलाई कुल सुविधा रकम रू

३,८५,०००/- (अक्षरूपी तीन लाख पचासी हजार रूपैयाँ मात्र) प्रदान गरिएको जानकारी गर्दछु ।

**१०. छोरी अभियान कार्यक्रम :**

सहकारीको सात सिद्धान्त मध्ये एक हो "समुदाय प्रति चासो" यसै सिद्धान्तलाई आत्मसाथ गर्दै संयुक्त राष्ट्र संघले लिएको दिगो विकास लक्ष्यलाई आधार मानी ६० औं राष्ट्रिय सहकारी दिवसको "दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी" भन्ने नारालाई सार्थक बनाउने उद्देश्यले दिगो विकासको दुई लक्ष्य "स्वास्थ र समुन्नत समाज" र "लैंगिक समानता" हासिल गर्नको निमित्त आभाष साकोसको प्रयास हो छोरी अभियान ।

**छोरी अभियान किन ?**

- प्रजनन् स्वास्थको शिक्षा तथा जनचेतनाको कमीका कारण धेरै आमा तथा शिशुहरूले ज्यान गुमाइरहेका छन् । तसर्थ मातृ मृत्युदर तथा शिशु मृत्युदर कम गर्न मानिसहरूमा प्रसव अस्पतालमा गराउनु पर्छ भन्ने भावनालाई जागृत गर्नु ।
- शिशुहरूमा यदि छोरी भएमा भ्रुणहत्या गर्ने प्रबृत्तिलाई निरूत्साहित गर्न ।
- हाम्रो समाजमा छोरीलाई हेलाको दृष्टिकोणले हेरिन्छ सो दृष्टिकोणलाई परिवर्तन गर्न ।
- छोरा आम्दानी हो र छोरी खर्च मात्र हो भन्ने सोच परिवर्तन गर्न ।
- छोरा वरदान र छोरी अभिसाप हो भन्ने मानसिकता परिवर्तन गर्न ।
- छोरा र छोरी दुवै बरदान हो र दुवै समान हो भन्ने भावना जागृत गर्न ।

**छोरी अभियान अन्तरगत कार्यक्रम**

छोराले मात्र कमाउन सक्छ र छोरीले कमाउन सक्दैन भन्ने भ्रमको निवारण गरि छोरीले जन्मने वित्तिकै पनि कमाउन सक्छ भन्ने विश्वास दिलाउनको लागि शिर मेमोरियल अस्पतालमा प्रत्येक नववर्षमा जन्मने पहिलो एकजना छोरी र प्रत्येक वर्ष मंसिर १४ गते आभाष साकोसको वार्षिक उत्सवको दिन जन्मने पहिलो एकजना छोरीलाई यस संस्थाको तर्फबाट रू १०,०००/- (अक्षरूपी दश हजार रूपैयाँ मात्र) प्रोत्साहन स्वरूप रकम प्रदान गरिनेछ ।

**छोरी अभियान अन्तर्गत रकम वितरण गरिएको विवरणः**

१) २०७७ मंसिर १४ गते शिर मेमोरियल अस्पतालमा बनेपा ८, काभ्रे स्थायी ठेगाना भएको दम्पत्ति श्री निम्मु श्रेष्ठ र विशाल काफ्लेको छोरीलाई रू १०,०००/- प्रदान गरियो ।

२) २०७८ बैशाख ३ गते शिर मेमोरियल अस्पतालमा पनौती ४, काभ्रे स्थायी ठेगाना भएको दम्पत्ति श्री सृजना तिमल्सिना र सुशिल बञ्जाराको छोरीलाई रू १०,०००/- प्रदान गरियो ।

**११. अनुमोदनका लागि सभा समक्ष प्रस्तावित छलफलका विषयहरू :**

१) आ.व. २०७७/७८ को सचिवको प्रगति प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

२) आ.व. २०७७/७८ को आर्थिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

३) आ.व. २०७७/७८ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

४) आ.व. २०७७/७८ को लेखापरिक्षक प्रतिवेदन, लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।

५) आ.व. २०७८/७९ को प्रस्तावित वार्षिक कार्ययोजना र वार्षिक बजेट उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

६) आ.व. २०७८/७९ को लेखा परिक्षण गर्न लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

७) आ.व २०७७/७८ को शेयर लाभांश वितरण प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

८) आ.व २०७७/७८ को संरक्षित पुँजी फिर्ता कोषको रकम व्यवस्थापन सम्बन्धमा ।

९) आभाष सदस्य सुरक्षा नीति २०७१ चौथो संशोधन प्रस्ताव उपर छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

१०) महामारीमा सहकारी सेवा व्यवस्थापन सम्बन्धि निर्देशिका, २०७८ स्वीकृत गर्ने सम्बन्धमा ।

११) साधारण सभाको निर्णय पुस्तीकामा हस्ताक्षर गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

१२)  उपनिर्वाचन सम्बन्धमा ।

१३)  विविध ।

**१२.  आभाष सदस्य सुरक्षा नीति २०७१ चौथो संशोधन प्रस्ताव :**

आभाष सदस्य सुरक्षा नीति २०७१ चौथो संशोधन प्रस्ताव सम्बन्धमा हाल भएको नीतिमा धेरै संशोधन गर्नुपर्ने भएकोले संशोधनको सम्भावना नरहेको कारण सदस्य सुरक्षा नीति २०७१ लाई खारेज गरि सदस्य सुरक्षा नीति २०७८ लागु गर्ने सम्बन्धमा ।

| क्र. सं. | हालको व्यवस्था | परिवर्तित व्यवस्था | कारण |
|---|---|---|---|
| १. | आभाष सदस्य सुरक्षा निति २०७१ पूर्ण रूपमा खारेज गर्ने । | आभाष सदस्य सुरक्षा निति २०७८ लागु गर्ने । | समय सान्दर्भिक सदस्यहरूलाई सुविधाको व्यवस्था गर्न । |

**१३.  महामारीमा संस्थाले सदस्यहरूलाई प्रदान गर्ने सेवा सुविधालाई व्यवस्थित तवरले प्रवाह तथा व्यवस्थापन गर्नको निमित्त महामारीमा सहकारी सेवा व्यवस्थापन सम्बन्धि निर्देशिका, २०७८ दफावार छलफल गरि पारित गर्न साधारण सभामा पेश गरिएको छ ।**

**आगामी वर्षको प्रस्तावित कार्यक्रम तथा लक्षित योजना**

**<u>सदस्य लक्षित कार्यक्रमहरू :</u>**

१. संस्थाको कार्यक्षेत्र काभ्रे जिल्ला भर रहेको र काभ्रे जिल्लामा कुल १३ स्थानिय तह रहेको र उक्त १३ स्थानिय तह मध्ये संस्थाको कारोवार केही स्थानीय तहको केही क्षेत्रमा मात्र सिमित रहेको हुनाले संस्थाको स्रोत साधनको क्षमता बमोजिम कारोवार विस्तार गर्नको लागि यस आर्थिक वर्षमा संस्थाको कार्यक्षेत्र भित्रको अन्य क्षेत्रहरूमा पनि संस्थाको कारोवार विस्तार गर्न योजना तर्जुमा गर्ने ।

२. संस्थामा रहेका सदस्यहरूलाई लक्षित गरि कम्तिमा पनि १० वटा क्षेत्रमा समुहगत रूपमा सहकारी शिक्षा सिविर संचालन गर्ने ।

३. महिला समुह कार्यक्रमलाई सक्रिय रूपमा अगाडी बढाई यस आर्थिक वर्षमा थप १० वटा महिला समुह गठन गर्ने ।

४. संस्थाको वार्षिक उत्सवको उपलक्ष्यमाको अवसरमा संस्थामा आवद्ध ७० वर्ष वा सो भन्दा बढि उमेरका जेष्ठ सदस्यहरूलाई सम्मान तथा भोजन कार्यक्रम आयोजना गर्ने ।

५. विश्व बाल अधिकार दिवस तथा यस संस्थाको वार्षिक उत्सवको उपलक्ष्यमा यस संस्थामा आवद्ध बाल बचतकर्ताहरूलाई शैक्षिक सामाग्री वितरण कार्यक्रम आयोजना गर्ने ।

६. सुत्केरी भेटघाट कार्यक्रमलाई आभाष सदस्य सुरक्षा कार्यक्रममा समावेश गर्ने अध्ययन गर्ने ।

७. सदस्य सुरक्षा कार्यक्रममा हाल कायम रहेको सुविधालाई बृद्धि गर्न अध्ययन गर्ने ।

८. सदस्यहरूको बालबच्चाहरूबाट क।भ।भ परिक्षामा उत्कृष्ट छात्रछात्रालाई साधारण सभामा सम्मान गर्ने ।

९. उत्कष्ट कारोवार गर्ने सदस्यहरूलाई साधारण सभामा सम्मान गर्ने ।

<u>**सदस्य लक्षित तालिमहरू :**</u>

१. सदस्यहरूलाई बचतको आवश्यक्ता महसुस गराउनेका निमित्त एक दिने वित्तिय साक्षरता सम्बन्धि तालिम आयोजना गर्ने ।

२. कृषि तथा पशुपंक्षि पालन ऋण प्रावह गर्नको निमित्त कृषि तथा पशुपालन सम्बन्धि तालिम आयोजना गर्ने, वर्षमा बढिमा २ पटक ।

३. महिला सदस्यहरूलाई लक्षित गरि Life Skill सम्बन्धि तालिम आयोजना गर्ने वर्षमा वढिमा २ पटक ।

४. महिला सदस्यहरूलाई लक्षित गरि ऋययपष्लन तालिमको आयोजना गर्ने वर्षमा बढिमा १ पटक ।

५. महिला सदस्यहरूको क्षमता अविबृद्धि गर्नको निमित्त एडभान्स सिलाई तालिमको आयोजना गर्ने ।

६. महिलाहरूलाई व्यवसाय गर्न अभिप्रेरित गर्नको निमित्त एडभान्स मखमलको जुत्ता बनाउने तालिमको आयोजना गर्ने ।

७. क्रिस्टलको चुरा र पोते बनाउने तालिमको आयोजना गर्न पहल गर्ने ।

८. आय तथा शिपमुलक अन्य तालिमहरू आयेजना गर्ने ।

**सामाजिक कार्यक्रमहरू :**

१. छोरी अभियानलाई निरन्तरता दिने ।

२. सेप्टेम्बर २९ तारिखको दिन विश्व मुटु दिवसको अवसरमा मुटु सम्बन्धी जनचेतना मुलक कार्यक्रम आयोजना गर्ने ।

३. नोभेमवर १४ तारिखको विश्व मधुमेह दिवसको अवसरमा एक दिन मधुमेह सम्बन्धि जनचेतना मुलक तथा मधुमेह परिक्षण शिविरको आयोजना गर्ने ।

४. संस्थाको १० औं वार्षिक उत्सवको उपलक्ष्यमा रक्तदान कार्यक्रम तथा आँखा सिविरको आयोजना गर्ने ।

५. फेब्रुवरी ४ तारिखको विश्व क्यान्सर दिवसको अवसरमा महिलाहरूको लागि एक दिने पाठेघरको मुखको क्यान्सरको परिक्षण तथा एक दिने स्तन क्यान्सरको परिक्षण शिविरको आयोजना गर्ने ।

६. ग्रामिन भेगलाई लक्षित गरि एक दिने आँखा सिविरको आयोजना गर्ने ।

७. मार्च २२ तारिखको विश्व पानी दिवसको आवसरमा पानीको महत्व सम्बन्धि एक दिने शिक्षा शिविर संचालन गर्ने ।

८. जुन ५ तारिखको दिन विश्व वातावरण दिवसको अवसरमा बृक्षारोपन कार्यक्रमको आयोजना गर्ने ।

९. मे २८ तरिखको दिन विश्व महिला स्वास्थ्य दिवसको अवसरमा महिलाहरूको लागि प्रजनन् स्वास्थ सम्बन्धि चेतानमुलक कार्यक्रमको आयोजना गर्ने ।

१०. अन्य संघ संस्थाहरू संग मिलेर विभिन्न सामाजिक कार्यक्रमहरूमा सहभागिता जनाउने ।

**संचालक समिति, लेखा सुपरिवेक्षण समिति, अन्य उपसमिति तथा कर्मचारी लक्षित कार्यक्रम तथा तालिमहरू :**

१. कर्मचारीहरूको मनोबल बृद्धि गर्नको निमित्त Stress Management तालिमको आयोजना गर्ने ।

२. यस संस्था र अन्य सहकारी संस्थाको कर्मचारीहरू बिच भेटघाट तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।

३. अन्य संघ संस्थाबाट आयोजना गर्ने कर्मचारीहरूको विभागिय जिम्मेवारी सँग सम्बन्धित तालिम तथा गोष्ठिमा सहभागि गराउने ।

४. अन्य संघ संस्थाबाट आयोजना गर्ने संचालक तथा अन्य समिति, उपसमितिहरू लक्षित तालिम तथा गोष्ठिमा सहभागि गराउने ।

५. कर्मचारीहरको कार्यसम्पादन मुल्यांकन तथा लक्ष्य प्रप्तीका आधारमा अर्थिक सुविधामा बृद्धिका साथसाथै प्रोत्साहन स्वरूप बढुवा गर्ने ।

६. महिला समुहलाई सक्रिय बनाउन महिला उपसमिति, महिला समुहका पदाधिकारि तथा समुह परिचालन गर्ने कर्मचारिहरूको लागि समुह परिचालन तालिमको आयोजना गर्ने, वर्षमा बढिमा दुई पटक ।

**संस्था लक्षित कार्यक्रमहरू**

१. संस्थालाई सधै सफा राख्ने तथा वातावरण मैत्री बनाउने ।

२. संस्थालाई आवश्यक पर्ने नीति नियमहरूको तर्जुमा तथा संशोधनको लागि समिति, उपसमिति तथा व्यवस्थापकिय प्रमुखहरूको लागि गोष्ठि तथा अन्तरक्रियाको व्यवस्था मिलाउने ।

३. संस्थामा रंगरोगनको कार्य गर्ने ।

४. संस्थालाई आवश्यक पर्ने अन्य स्थीर सम्पत्तिहरूको खरिद गर्ने ।

५. संस्थामा रहेको मुल्यवान भौतिक सम्पत्तिहरूको सुरक्षणको लागि उक्त सम्पत्तिको विमा गर्ने ।

अन्तमा यस संस्थाको बाह्रौं वार्षिक साधारण सभामा सफलता पूर्वक संचालन गर्न सहयोग गर्नुभएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दै यहाँहरूको अमुल्य सुझाव तथा सल्लाह पाउने अपेक्षा गर्दै संस्थाको प्रगति प्रतिवेदन यहि अन्त गर्न चाहन्छु । धन्यवाद ।

जय आभाष, जय सहकारी !

# आर्थिक प्रतिवेदन

यस संस्थाको २०७७ श्रावण देखि २०७८ असार सम्मको आर्थिक प्रतिवेदन यस प्रकार रहेको छ ।

## १) कुल कारोवार

संस्थाले आर्थिक वर्ष २०७६/७७ मा कुल कारोवार रू ५२,५५,७०,८५७।९४ (अक्षरूपी बवन्न करोड पचपन्न लाख सत्तरी हजार आठ सय सन्ताउन्न रूपैयाँ चौरानब्बे पैसा) रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा कुल कारोवारमा रू रू १२,५२,६९,६९९।६२ (अक्षरूपी बाह्र करोड बवन्न लाख उनान्साठ्ठी हजार छ सय उनान्सय रूपैयाँ बैसठ्ठी पैसा) ले बृद्धि भई कुल कारोवार रू ६५,०८,४०,५५७।५६ (अक्षरूपी पैंसठ्ठी करोड आठ लाख चालिस हजार पाँच सय सन्ताउन्न रूपैयाँ छपन्न पैसा) हुन आएको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम कुल सम्पत्तिमा बृद्धि मुद्रास्फिटि भन्दा बढि हुनुपर्नेमा मुद्रास्फिटि ३.६% को हाराहारीमा रहेको र कुल सम्पत्तिमा २३.८३% ले बृद्धि भएको छ ।

## २) शेयर पूँजी

आ. व. २०७६/७७ सम्ममा संस्थाको शेयर पूँजी रू ३,६५,८५,६००।- (अक्षरूपी तीन करोड पैंसठ्ठी लाख पचासी हजार छ सय रूपैयाँ) रहेकोमा आ. व. २०७७/७८ मा रू ४,३८,५००/- (अक्षरूपी चार लाख अठ्तीस हजार पाँच सय रूपैयाँ मात्र) ले बृद्धि भई शेयर पूँजी रू ३,७०,२४,१००।- (अक्षरूपी तीन करोड सत्तरी लाख चौबीस हजार एक सय रूपैयाँ) हुन आएको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम शेयर पुँजी कुल सम्पत्तिको १०% देखि २०% हुनु पर्नेमा संस्थाको शेयर पुँजी ५.६९% रहेको छ ।

## ३) बचत संकलन

आ. व. २०७६/७७ सम्ममा यस संस्थाले विभिन्न शिर्षकहरू अन्तर्गत कुल रू. ४५,१९,०७,३३२।४५ (अक्षरूपी पैंतालिस करोड उन्नाइस लाख सात हजार तीन सय बतीस रूपैंया पैंतालिस पैसा मात्र) बचत संकलन गरेकोमा आ. व. २०७७/७८ मा विभिन्न बचत शिर्षक अन्तर्गत रू. ११,२२,८९,५०२/३३ (अक्षरूपी एघार करोड बाइस लाख उनान्नब्बे हजार पाँच सय दुई रूपैंया तेत्तीस पैसा मात्र) ले बचत संकलन

बृद्धि भई आ. व. २०७७/७८ को अन्त सम्ममा कुल रू. ५६,४१,९६,८३४।७८ (अक्षरूपी छपन्न करोड एकचालिस लाख छयानब्बे हजार आठ सय चौंतीस रूपैँया अठहत्तर पैसा मात्र) बचत जम्मा हुन आएको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम निक्षेप रकम कुल सम्पत्तिको ७०% देखि ८०% हुनु पर्नेमा संस्थामा निक्षेप रकम ८६.६९% रहेको छ ।

### ४) ऋण लगानी

आ. व. २०७६/७७ सम्ममा यस संस्थाले विभिन्न शिर्षकहरू अन्तर्गत कुल रू ३९,४४,६९,४४१।०० (अक्षरूपी उनान्चालिस करोड चवालिस लाख उनान्सत्तरी हजार चार सय एकचालिस रूपैँया मात्र) ऋण लगानी गरेकोमा आ. व. २०७७/७८ मा विभिन्न ऋण शिर्षकहरू अन्तर्गत थप रू. ९,३६,५५,२०५/७० ( अक्षरूपी नौ करोड छत्तीस लाख पचपन्न हजार दुई सय पाँच रूपैँया सत्तरी पैसा मात्र) ऋण लगानी गरी आ. व. २०७७/७८ सम्ममा कुल रू ४८,८१,२४,६४६।७० (अक्षरूपी अठ्चालिस करोड एकासी लाख चौबीस हजार छ सय छयालिस रूपैँया सत्तरी पैसा मात्र) ऋण लगानीमा रहेको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम ऋण लगानी रकम कुल सम्पत्तिको ७०% देखि ८०% हुनु पर्नेमा संस्थाको ऋण लगानी रकम ७५% रहेको छ ।

### ५) स्थीर सम्पत्ति

सम्पत्ति तर्फ आ. व. २०७६/७७ सम्ममा कुल स्थीर सम्पत्ति रू १५,७०,०२२।२१ (अक्षरूपी पन्ध्र लाख सत्तरी हजार बाइस रूपैंया एक्काइस पैसा मात्र) रहेकोमा आ. व. २०७७/७८ मा रू. ३७,१२८।०० (अक्षरूपी सैंतीस हजार एक सय अट्ठाइस रूपैयाँ मात्र) को थप सम्पत्ति खरिद भएकोमा ह्रास कट्टी रू. ४,००,१६२।५६ (अक्षरूपी चार लाख एक सय बैसट्ठी रूपैँया छपन्न पैसा मात्र) कट्टा गरी आ. व. २०७७/७८ सम्ममा कुल स्थीर सम्पत्ति रू रू १२,०६,९८७/६५ (अक्षरूपी बाह्र लाख छ हजार नौ सय सतासी रूपैंया पैंसट्ठी पैसा मात्र) रहेको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम स्थीर सम्पत्तिको वर्गीकरण नकमाउने सम्पत्ति अन्तर्गत पर्दछ र नकमाउने सम्पत्ति कुल सम्पत्तिको ५% भन्दा कम हुनु पर्नेमा संस्थाको कुल नकमाउने सम्पत्ति १.५% रहेको छ ।

## ६) आम्दानी र खर्च तर्फ

आ. व. २०७६/७७ मा विभिन्न शिर्षकहरूबाट रू ६,९०,६५,२३९।५८ (अक्षरूपी छ करोड नब्बे लाख पैंसट्ठी हजार दुई सय उनान्चालिस रूपैयाँ अन्ठाउन्न पैसा मात्र) कुल आम्दानी रहेको छ भने कुल खर्च रू ५,८२,४२,२८२।७२ (अक्षरूपी पाँच करोड बयासी लाख बयालिस हजार दुई सय बयासी रूपैँया बहत्तर पैसा मात्र) रहेको छ । यसरी आ. व. २०७७/७८ मा रू १,०८,२२,९५६।८६ (अक्षरूपी एक करोड आठ लाख बाइस हजार नौ सय छपन्न रूपैयाँ छयासी पैसा मात्र) मुनाफा रहेकोमा जोखिम व्यहोर्ने कोषमा रू. ४६,८९,९००।०० (अक्षरूपी छयालिस लाख उनान्नब्बे हजार नौ सय रूपैँया मात्र) थप खर्च लेखी व्यवस्था गरे पछि यस आर्थिक वर्षबाट कर्मचारी बोनसको व्यवस्था आयकर अघिनै गर्न स्वीकृत भएको हुनाले कर्मचारी बोनस खर्च रू ५,५७,५५०।६२ (अक्षरूपी पाँच लाख सन्ताउन्न हजार पाँच सय पचास रूपैयाँ बैसट्ठी पैसा मात्र) व्यवस्था गरि आयकर व्यवस्था वापत रू. २,३४,५२२।९५ (अक्षरूपी दुई लाख चौंतीस हजार पाँच सय बाइस रूपैँया पन्चानब्बे पैसा मात्र) कट्टी गरेपछि खुद मुनाफा रू. ५३,४०,९८३।२९ (अक्षरूपी त्रिपन्न लाख चालिस हजार नौ सय त्रियासी रूपैँया उनान्तीस पैसा मात्र) हुन आएको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम शुद्ध बचत औसत सम्पत्तिको १०% हुनु पर्नेमा संस्थाको शुद्ध बचत ०.९१% रहेको छ ।

## ७) कर दायित्व

संस्थाले आ. व. २०७७/७८ मा सदस्यहरूको बचतमा दिएको व्याजमा कट्टी गरेको कर रकम रू २८,४१,५९९।६० (अक्षरूपी अट्ठाइस लाख एकचालिस हजार पाँच सय उनान्सय रूपैयाँ साठ्ठी पैसा मात्र) र त्यसै गरि घर बहाल, बैठक भत्ता, पारिश्रमिक, लाभांस र अन्य भुक्तानीमा कट्टी गरिएको कर रकम रू ३,५३,४१९।२७ (अक्षरूपी तीन लाख त्रिपन्न हजार चार सय उन्नाइस रूपैयाँ सत्ताइस पैसा मात्र) गरि जम्मा रू ३१,९५,०१८।८७ (अक्षरूपी एकतीस लाख पन्चानब्बे हजार अठार रूपैयाँ सतासी पैसा मात्र) सम्बन्धित आन्तरीक राजश्व कार्यालय तथा नगरपालिकामा दाखिला गरि सकेको र मुनाफामा लाग्ने आयकर रू. २,३४,५२२।९५ (अक्षरूपी दुई लाख चौंतीस हजार पाँच सय बाइस रूपैँया पन्चानब्बे पैसा मात्र) को व्यवस्था गरिएको छ ।

## ८) जगेडा कोष

आ. व. २०७६/७७ सम्ममा जगेडा कोषमा रू १,३३,८५,९१७।१७ (अक्षरूपी एक करोड तेत्तीस लाख पचासी हजार नौ सय सत्र रूपैयाँ सत्र पैसा मात्र) रहेकोमा आ. व. २०७७/७८ मा गत वर्ष सम्ममा अन्य कोषमा खर्च भई बाँकी रहेको रकम र यस वर्षमा मुनाफाबाट छुट्याईएको रकम गरि रू २५,५४,८२२।९७ (अक्षरूपी पच्चिस लाख चवन्न हजार आठ सय बाइस रूपैयाँ सन्तानब्बे पैसा) थप भई जगेडा कोषमा आ. व. २०७७/७८ को अन्त सम्ममा रू १,५९,४०,७४०।८४ (अक्षरूपी एक करोड उनान्साठ्ठी लाख चालिस हजार सात सय चालिस रूपैयाँ चौरासी पैसा मात्र) जम्मा भएको छ ।

## ९) जोखिम व्यहोर्ने कोष

आ. व. २०७६/७७ सम्ममा जोखिम व्यहोर्ने कोषमा रहेको रकम रू १,४४,५९,०२०।०० (अक्षरूपी एक करोड चवालिस लाख उनान्साठ्ठी हजार बीस रूपैयाँ मात्र) रहेकोमा आ. व. २०७७/७८ मा जोखिम व्यहोर्ने कोषमा रू. ४६,८९,९००।०० (अक्षरूपी छयालिस लाख उनान्नब्बे हजार नौ सय रूपैँया मात्र) खर्च लेखी थप गरिएकोले आर्थिक वर्ष २०७७/७८ मा ऋण जोखिम कोषमा कुल रू १,९१,४८,९२०।०० (अक्षरूपी एक करोड एकानब्बे लाख अठ्चालिस हजार नौ यस बीस रूपैयाँ मात्र) व्यवस्था गरिएको छ ।

## १०) खुद मुनाफा बाँडफाँट

आ. व. २०७७/७८ मा हुन आएको खुद मुनाफा रू. ५३,४०,९८३।२९ (अक्षरूपी त्रिपन्न लाख चालिस हजार नौ सय त्रियासी रूपैँया उनान्तीस पैसा मात्र) लाई सहकाी ऐेन २०७४ र सहकारी नियमावली २०७५ मा व्यवस्था भए बमोजिम संस्थाको विनियममा संशोधन गरि सोही व्यवस्था बमोजिम विभिन्न कोषहरूमा बाँडफाँट गरिएको छ ।

आदरणीय सदस्यज्यूहरू अब म संक्षिप्तमा आर्थिक वर्ष २०७८/७९ का लागि प्रस्तावित वित्तिय श्रोत र त्यसको परिचालन तथा आम्दानी तथा खर्चको बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## आर्थिक वर्ष २०७८।७९ को बजेट

आर्थिक वर्ष २०७८।७९ मा संस्थाको कुल सम्पत्तिमा बृद्धि १२.६१ प्रतिशत रहने पुर्वानुमानका आधारमा संस्थाको कुल सम्पत्ति रू ६५,०८,४०,५५७।५६ (अक्षरूपी पैंसठ्ठी करोड आठ लाख चालिस हजार पाँच सय सन्ताउन्न रूपैयाँ छपन्न पैसा) रहेकोमा १२.५ प्रतिशतका दरले रू ८,२०,९५,२९२।२३ (अक्षरूपी आठ करोड बीस लाख पञ्चानब्बे हजार दुई सय बयानब्बे रूपैयाँ तेइस पैसा मात्र) ले बृद्धि गरि कुल सम्पत्ति रू ७३,२९,३५,८४९।७९ (अक्षरूपी त्रिहत्तर करोड उनान्तीस लाख पैंतीस हजार आठ सय उनान्चास रूपैयाँ उनान्अस्सी पैसा) पुऱ्याउने लक्ष्य कायम गरिएको र यसैको आधारमा समग्र बजेट तयार गरिएको छ ।

## बजेटको श्रोत

१) शेयर पुँजी रू ३,७०,२४,१००।– (अक्षरूपी तीन करोड सत्तरी लाख चौबीस हजार एक सय रूपैयाँ) रहेकोमा रू ११,१०,७००।०० (अक्षरूपी एघार लाख दश हजार सात सय रूपैयाँ मात्र) ले बृद्धि गरि रू ३,८१,३४,८००।०० (अक्षरूपी तीन करोड एकासी लाख चौतीस हजार आठ सय रूपैयाँ मात्र) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

२) बचत रकम रू. ५६,४१,९६,८३४।७८ (अक्षरूपी छपन्न करोड एकचालिस लाख छयानब्बे हजार आठ सय चौंतीस रूपैंया अठहत्तर पैसा मात्र) रहेकोमा यस आर्थिक वर्ष १३.३६ प्रतिशतका दरले रू ७,५३,९५,८३६।८७ (अक्षरूपी सात करोड त्रिपन्न लाख पन्चानब्बे हजार आठ सय छत्तीस रूपैयाँ सतासी पैसा मात्र) ले बृद्धि गरि रू ६३,९५,९२,६७१।६५ (अक्षरूपी त्रिसठ्ठी करोड पन्चानब्बे लाख बयानब्बे हजार छ सय एकहत्तर रूपैयाँ पैंसठ्ठी पैसा मात्र) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

३) जगेडा कोषमा रू १,५९,४०,७४०।८४ (अक्षरूपी एक करोड उनान्साठ्ठी लाख चालिस हजार सात सय चालिस रूपैयाँ चौरासी पैसा मात्र) रहेकोमा यस आर्थिक वर्ष रू २८,०३,९१७।६१ (अक्षरूपी अठ्ठाइस लाख तीन हजार नौ सय सत्र रूपैयाँ एकसठ्ठी पैसा मात्र) ले बृद्धि गरि रू १,८७,४४,६५८।४६ (अक्षरूपी एक करोड सतासी लाख चवालिस हजार छ सय अन्ठाउन्न रूपैयाँ छयालिस पैसा मात्र) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

४) अन्य कोष अन्तर्गत रू १२,८८,८२८।७८ (अक्षरूपी बाह्र लाख अठासी हजार आठ सय अठ्ठाइस रूपैयाँ अठहत्तर पैसा मात्र) थप भई रू ७४,५६,२३१।०३ (अक्षरूपी चवहत्तर लाख छपन्न हजार दुई सय एकतीस रूपैयाँ तीन पैसा मात्र) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

५) ऋण जोखीम कोषमा रू १,९१,४८,९२०/- (अक्षरूपी एक करोड एकानब्बे लाख अठ्चालीस हजार नौ सय बीस रूपैयाँ मात्र) रहेकोमा यस आर्थिक वर्षमा रू ४०,०६,२१४/- (अक्षरूपी चालिस लाख छ हजार दुई सय चौध रूपैयाँ मात्र) ले बृद्धि गरि रू २,३१,५५,१३४/- (अक्षरूपी दुई करोड एकतीस लाख पचपन्न हजार एक सय चौंतीस रूपैयाँ मात्र) पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ ।

**बजेटको श्रोतको परिचालन**

१) नगद तथा बैंक मौज्दात रू ९,७३,३३,२५६।७५ (अक्षरूपी नौ करोड त्रिहत्तर लाख तेत्तीस हजार दुई सय छपन्न रूपैयाँ पचहत्तर पैसा मात्र) हुने प्रक्षेपन गरिएको छ ।

२) बैंकको मुद्दतीमा रू २,००,००,०००।०० (अक्षरूपी दुई करोड रूपैयाँ मात्र) लगानी गर्न रकम विनियोजन गरिएको छ । यदि ऋण लगानीमा कमी भई तरलता बढि भएमा सोको उचित व्यवस्थापनको लागि संचालक समितिले बैंकको मुद्दतीमा थप रकम लगानी गर्न सक्नेछ ।

३) स्थीर सम्पत्तिको लागि यस वर्ष प्रमुख प्रवन्धकको कक्षको लागि एक थान फाइलिङ्ग क्याविनेटको लागि रू ४५,०००/, प्रमुख प्रवन्धकको लागि एक थान ल्यापटपको लागि रू १३०,०००/-, अधिकृत रिकेश थापाको लागि एक थान ल्यापटपको लागि रू ६५,०००/- र काउन्टरको लागि एक थान कम्प्युटर ब्रान्डेड् कम्प्युटर को लागि ६०,०००/, कर्मचारीहरूको कुर्सीको लागि रू २६,०००/- र भिजिटर कुर्सीको लागि रू २१,२००/- गरि कुल रू ३,४७,२००/- को स्थीर सम्पत्ति खरिद गर्ने र प्रमुख प्रवन्धकले ऋण विभागमा हाल भएको एक थान अग्नी प्रतिरोधात्मक फाइलिङ्ग क्याविनेट नपुग भएकोले अर्को एक थान फाइल क्याविनेट थप गर्ने प्रस्ताव पनि पेश गर्नु भएकोमा उक्त प्रस्ताव संचालक समितिमा पेश गर्ने र यदि स्वीकृत भएमा मात्र बजेटमा समावेश गर्ने निर्णय गरियो ।

४) राष्ट्रिय सहकारी बैंक मा शेयर लगानी थप रू २०,००,०००।००, बागमती प्रदेश बचत तथा ऋण सहकारी संघमा रू ९,८७,०००।०० र जिल्ला सहकारी संघमा रू ५,००,०००।०० का दरले कुल रू ३४,८७,०००।०० (अक्षरूपी चौंतीस लाख सतासी हजार रूपैयाँ मात्र) शेयर थप गर्नको लागि रकम विनियोजन गरिएको छ ।

५) ऋण लगानीमा रू ४८,८१,२४,६४६।७० (अक्षरूपी अठ्चालिस करोड एकासी लाख चौबीस हजार छ सय छयालिस रूपैंया सत्तरी पैसा मात्र) रहेकोमा यस आर्थिक वर्ष २१.५३ प्रतिशतले बृद्धि गर्दा रू १०,५०,७३,१००।३० (अक्षरूपी दश करोड पचास लाख त्रिहत्तर हजार एक सय रूपैयाँ तीस पैसा मात्र) ले बृद्धि गरि रू

५९,३१,९७,७४७।०० (अक्षरूपी उनान्साठ्ठी करोड एकतीस लाख सन्तानब्बे हजार सात सय सत्चालिस रूपैयाँ मात्र) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

**श्रोतको लागत तथा खर्चको विवरण**

१. बजेटको मुख्य श्रोत बचत संकलनको लागि रू ५,६५,८०,३७४।८७ (अक्षरूपी पाँच करोड पैंसठ्ठी लाख अस्सी हजार तीन सय चवहत्तर रूपैयाँ सतासी पैसा मात्र) व्याज खर्च हुने प्रक्षेपन गरिएको छ ।

२. बैठक भत्ता : बैठक खर्च अन्तर्गत बैठक भत्तामा प्रति व्यक्ति रू २,३५३/- मा करकट्टा गरि बैठक भत्ता प्रदान गर्ने व्यवस्था गरिएको छ । बैठक संख्या र बैठक भत्ता रकम तल उल्लेख गरे बमोजिम विनियोजन गरिएको छ ।

- संचालक समितिको बैठक वर्षमा १२ पटक र कुल भत्ता रकम रू ३,६७,०६८/-
- संयुक्त बैठक वर्षमा १ पटक र कुल भत्ता रकम रू ५१,७६६/-
- लेखा सुपरिवेक्षण समितिको बैठक वर्षमा ४ पटक र कुल भत्ता रकम रू ३७,६४८/-
- ऋण लगानी उप-समितिको बैठक वर्षमा १३ पटक र कुल भत्ता रकम रू २,१४,१२३/-
- महिला उप-समितिको बैठक वर्षमा २ पटक र कुल भत्ता रकम रू १८,८२४/-
- धितो लिलाम उप-समितिको बैठक वर्षमा २ पटक र कुल भत्ता रकम रू २३,५३०/-
- पनौती र भकुण्डे सेवा केन्द्र व्यवस्थापन उपसमितिको बैठक वर्षमा ४/४ पटक र कुल भत्ता खर्च रू ७५,२९६/-
- अन्य उप-समितिको बैठकको लागि कुल भत्ता रकम रू ७५,२९६/-

३. बैठक संचालन खर्च अन्तर्गत प्रत्येक बैठकको लागि सहभागि प्रति व्यक्तिको लागि बढिमा रू २००/- का दरले खर्च रकम रू ६८,६००/- विनियोजन गरिएको छ ।

४. इन्धन खर्च अन्तर्गत प्रमुख प्रवन्धकको निजि गाडीको लागि पहिलेकै सिमा यथावत राखी मासिक ४० लिटर र कर्मचारीहरूको निजि मोटरसाइकलको लागि संचालक समितिले निर्णय गरे बमोजिम मासिक ९५ लिटरको प्रति लिटर

रू १३० का दरले इन्धनको लागि कुल रू २,१०,६००/- रकम विनियोजन गरिएको छ ।

५. घर बहाल खर्च अन्तर्गत मुख्य कार्यालयको मासिक घरबहाल खर्चको लागि रू ५८,५६४/-, पनौती सेवा केन्द्रको लागि मासिक रू १२,२२२/- र भकुण्डे सेवा केन्द्रको लागि मासिक रू १२,२२२/- का दरले घरबहाल रकममा सरकारी नियम बमोजिम करकट्टा गरि घरधनीलाई भुक्तानी गर्ने व्यवस्था मिलाएको छ । घर बहालको लागि कुल रू ९,९६,१२०/- रकम विनियोजन गरिएको छ ।

६. विमा खर्च अन्तर्गत संस्थाको तीनवटै कार्यालयको भल्ट, मार्गस्थ, काउन्टर, निष्ठा जमानी तथा संस्थामा रहेको मुल्यवान स्थीर सम्पत्तिको पनि विमा गर्नको लागि रकम विनियोजन गरिएको छ । सो गरेर कुल विमा खर्चको लागि रू ७२,६९४/- रकम विनियोजन गरिएको छ ।

७. साधारण सभा खर्च अन्तर्गत कुल रू ९,२६,०००/- रकम विनियोजन गरिएको छ ।

८. संस्थामा सामान्य मर्मतकार्य गर्नुपर्ने देखिएकोले यस शिर्षक अन्तर्गत रू ३५,०००/- रकम विनियोजन गरिएको छ ।

९. सामाजिक क्रियाकलाप खर्च अन्तर्गत छोरी अभियानलाई पनि समावेस गरि कुल बजेट रकम रू १४५,०००/- विनियोजन गरिएको छ ।

१०. प्राविधिक सेवा खर्च अन्तर्गत कुल रू २,८८,९५०/- रकम विनियोजन गरिएको छ ।

११. संस्थाद्वारा अध्यक्ष तथा ऋण उपसमिति संयोजकलाई मासिक रूपमा रू १,१७५/- मा करकट्टा गरि रू १,०००/- संचार सुविधा वापत प्रदान गर्दै आएकोलाई यस आर्थिक वर्षमा बृद्धि गरि मासिक रू २,३५३/- मा करकट्टा गरि रू २,०००/- प्रदान गर्ने र यसको लागि रू ५६,४७२/- र तीनवटा कार्यालयमा रहेको ५ वटा टेलिफोन लाइनको लागि रू ६०,०००/- गरि टेलिफोन खर्च शिर्षक अन्तर्गत कुल रू ११६,४७२/- रकम विनियोजन गरिएको छ ।

१२. आ.व. २०७८/७९ को लेखा परिक्षण गर्नको लागि लेखा परिक्षण शुल्क रू १,१३,०००/- रकम विनियोजन गरिएको छ ।

१३. कोभिड १९ का कारण यस आर्थिक वर्ष संस्थागत अध्ययन अवलोकन भ्रमण गर्ने अवस्था नरहेको हुनाले यस शिर्षक अन्तर्गत बजेट विनियोजन गरिएको छैन ।

१४. कोभिड १९ का कारण केन्द्रिय स्तरमा हुने तालिम तथा गोष्ठीहरू संचालन हुने अवस्था नरहेको र जिल्ला स्तरिय तथा नगर स्तरिय तालिम तथा गोष्ठीको पनि सम्भावना एकदम न्यून रहेको हुनाले यस आर्थिक वर्षमा तालिम तथा

गोष्ठिमा सहभागि हुनको लागि कुल रू २५,०००/- मात्र बजेट रकम विनियोजन गरिएको छ ।

१५. पनी तथा बिद्युत्तको लागि तीनवटै कार्यालयको लागि पानीको लागि रू २६,६००/- र विद्युत्तको लागि ६८,५२०/- गरि कुल रू ९४,९२०/-रकम विनियोजन गरिएको छ ।

१६. संस्थाको बाह्रौं वार्षिक उत्सवको लागि कुल रू १,५३,०००/- रकम विनियोजन गरिएको छ ।

१७. संस्थाले कानुनी परामर्शदाता नियुक्त गरि कार्य गर्दै आइरहेकोमा प्रत्येक आर्थिक वर्षको लागि अग्रिम रकम भुक्तानी गर्ने व्यवस्था रहेको हुनाले आगामी आर्थिक वर्षको लागि रू २५,०००/- रकम विनियोजन गरिएको छ ।

१८. यस आर्थिक वर्षमा कर्मचारीहरूको तलबमा बृद्धि गर्नुपर्ने वर्ष भएको हुनाले प्रमुख प्रवन्धकको अध्ययन तथा सिफारिस बमोजिम कर्मचारीहरूको तलब तथा भत्तामा १० प्रतिशतले बृद्धि गर्ने प्रस्ताव पेश भएकोमा गत वर्ष कोभिडको कारण खर्चलाई मितव्ययि बनाउनेको निमित्त तलब तथा भत्तामा १० प्रतिशतले मात्र बृद्धि गरिएको हुनाले यस वर्षमा पनि १० प्रतिशतले बृद्धि गरी बजेट विनियोजन गर्ने । तर प्रमुख प्रवन्धकको तलब बृद्धि गत वर्षमा पनि नभएको र तलब बृद्धि नभएको तीन वर्ष भई सकेको हुनाले प्रमुख प्रवन्धकको तलब तथा भत्तामा २० प्रतिशतले बृद्धि गरि समायोजन गर्ने । प्रमुख प्रवन्धकको तलब तथा अन्य आर्थिक सुविधामा बृद्धि यहि २०७८ श्रावणबाट लागु गर्ने र अन्य कर्मचारीहरूको कार्यसम्पादन मुल्यांकन तथा लक्ष्य प्राप्ती मुल्यांकनको आधारमा प्रमुख प्रवन्धकले १० प्रतिशत भन्दा नबढ्ने गरि बृद्धि प्रतिशत र बृद्धि हुने समय निर्धारण गर्न सक्नेछ ।

१९. माथि उल्लेख गरे बमोजिम तलब तथा भत्ता बृद्धि गर्दा कर्मचारी खर्चको लागि देहाय बमोजिम बजेट विनियोजन गरिएको छ ।

- प्रमुख प्रवन्धकको कुल तलब मासिक रू ५५,८००।०० मा नियमानुसार करकट्टी गरि प्रदान गरिनेछ ।
- प्रमुख प्रवन्धक लगायत अन्य कर्मचारीहरूको सम्बन्धमा यस आर्थिक वर्षमा कर्मचारीहरूको तलब तथा भत्तामा बृद्धि भएको र केही कर्मचारीहरूको परिक्षण अवधि समाप्त हुने, केही कर्मचारी परिक्षण अवधिमै रहने, केही कर्मचारीको बढुवा हने र सेवा केन्द्रको लागि नयाँ कर्मचारी नियुक्ती गर्नुपर्ने भएकोले यी सम्पूर्ण विषयलाई मध्येनजर गरि आधार तलबको लागि रू ३४,७६,२२०/- रकम विनियोजन गरिएको छ ।

- कर्मचारीहरूको ग्रेडको लागि रू ३,३०,०७२/- रकम विनियोजन गरिएको छ ।
- कर्मचारी भत्ताको लागि रू १०,४७,१०८/- रकम विनियोजन गरिएको छ ।
- सामाजिक सुरक्षा कोषको लागि रू ५४४,३१०/- रकम विनियोजन गरिएको छ ।
- चाँडपर्व खर्चको लागि रू रू २८८,६९१/-, प्रोत्साहन खर्चको लागि रू २६१,१८५/-, जोखिम भत्ताको लागि रू १२,०००/- र इन्सेन्टिभको लागि रू ७२,०००/- रकम विनियोजन गरिएको छ ।
- कर्मचारीहरूको पोसाकको लागि रू १२६,०००/- रकम विनियोजन गरिएको छ ।
- घर विदा, विरामी विदा, ओभरटाइम तथा अन्य कर्मचारी खर्चको लागि यथोचित रकम विनियोजन गरिएको छ ।
- विदा तथा नियमित कार्यालय समय भन्दा बढि समय काम गरेमा कर्मचारीको लागि अतिरिक्त भत्ता वापत श्रम ऐनमा व्यवस्था भए बमोजिम नियमित रूपमा काम गर्दा पाउने आधारभूत तलबको डेढी पारिश्रमिक प्रदान गरिनेछ ।
- समग्रमा प्रशासनिक खर्चको लागि कुल रू ५१,८३,०१३।२७ (अक्षरूपी एकाउन्न लाख त्रियासी हजार तेह्र रूपैयाँ सात्ताइस पैसा मात्र) रकम र कर्मचारीहरूको लागि कुल रू ६२,७४,६३१।५१ (अक्षरूपी बैसठ्ठी लाख चवहत्तर हजार छ सय एकतीस रूपैयाँ एकाउन्न पैसा मात्र) रकम विनियोजन गरिएको छ ।

**श्रोतबाट हुने आमदानीको विवरण**

१. बैंकको व्याजदर धरै न्यून भएको कारण बैंक मौज्दातको व्याजबाट रू ४३,८५,१०३।४१ (अक्षरूपी त्रिचालिस लाख पचासी हजार एक सय तीन रूपैयाँ एकचालिस पैसा मात्र) आम्दानी हुने प्रक्षेपन गरिएको छ ।
२. ऋण लगानीबाट ब्याज रू ७,२५,४२,६५७।०० (अक्षरूपी सात करोड पच्चिस लाख बयालिस हजार छ सय सन्ताउन्न रूपैयाँ मात्र) आम्दानी हुने प्रक्षेपन गरिएको छ ।
३. अन्य शिर्षकहरूबाट कुल रू २४,१६,१०१।८५ (अक्षरूपी चौबीस लाख सोह्र हजार एक सय एक रूपैयाँ पचासी पैसा मात्र) आम्दानी हुने प्रक्षेपन गरिएको छ ।

**शुद्ध बचत (मुनाफा)**
आर्थिक वर्ष २०७८।७९ मा ह्रस कट्टी रू ३,८८,५४६/९१ (अक्षरूपी तीन लाख अठासी हजार पाँच सय छयालीस रूपैयाँ एकानब्बे पैसा मात्र), ऋण जोखिम कोषमा रू ४०,०६,२१४/- (अक्षरूपी चालिस लाख छ हजार दुई सय चौध रूपैयाँ मात्र) र कर्मचारी बोनसको लागि रू ६,२८,२८०/१५ (अक्षरूपी छ लाख अट्ठाइस हजार दुई सय अस्सी रूपैयाँ पन्ध्र पैसा मात्र) रकम खर्च विनियोजन पश्चात संस्थाको आयकर अघिको बचत (मुनाफा) रू ६२,८२,८०१।५५ (अक्षरूपी बैसट्ठी लाख बयासी हजार आठ सय एक रूपैयाँ पचपन्न पैसा मात्र) हुने अनुमान गरिएको छ ।

यस अनुमानित बजेटको विस्तृत विवरण यसै प्रतिवेदन पुस्तिकामा समावेश गरिएको छ ।

अन्तमा यस संस्थाको बाह्रौ वार्षिक साधारण सभा मनाउन सक्षम अवस्थामा पुऱ्याउनु भएकोमा सम्पूर्ण सदस्य तथा शुभचिन्तप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै अमुल्य सुझाव तथा सल्लाह एवं सदभाव पाइरहने अपेक्षा राख्दै संस्थाको आर्थिक प्रतिवेदन यहीँ अन्त गर्न चाहन्छौं । धन्यवाद ।

**जय आभाष, जय सहकारी !**

# cfefif art tyf C0f ;xsf/L ;+yf ln=

## ag]kf *, sfe]

## PEARLS Monitoring Analysis

## cfly{s jif{)&&÷)&*

| PEARLS Ratio -kN;{cgkft_ | | GOALS | Result |
|---|---|---|---|
| **P** | **PROTECTION (सुरक्षण)** | | |
| P1 | Allowance for Loan Losses / Delinq. >12 Months (ऋण घाटाको लागी व्यवस्था / १ वर्ष भन्दा बढि भाखा नाघेको) | १००% | १००% |
| P2 | Net Allowance for Loan Losses / Delinq. 1-12 Month (ऋण घाटाको लागी व्यवस्था / १ वर्ष भन्दा कम भाखा नाघेको) | ३५% | - |
| | Net Allowance for Loan Losses / Good Loan घाटाको लागी व्यवस्था /असल ऋण) | १% | १% |
| **E** | **EFFECTIVE FINANCIAL STRUCTURE (प्रभावकारी वित्तिय संरचना)** | | |
| E1 | Net Loans / Total Assets (लगानीमा रहेको ऋण/कूल सम्पत्ति) | ७०%–८०% | ७५.००% |
| E5 | Savings Deposits / Total Assets (बचत/कूल सम्पत्ति) | ७०%–८०% | ८६.६९% |
| E6 | External Credit / Total Assets (बाह्य ऋण/कूल सम्पत्ति) | बढिमा ५% | ०.००% |
| E7 | Member Share Capital / Total Assets (शेयर पूँजी/कूल सम्पत्ति) | १०%–२०% | ५.६९% |
| E8 | Institutional Capital / Total Assets (संस्थागत पूँजी/कूल सम्पत्ति) | न्यूनतम १०% | २.५०% |
| **A** | **ASSET QUALITY (सम्पत्तिको गुणस्तर)** | | |
| A1 | Total Delinquency / Total Loan Portfolio (भाखा नाघेको ऋण/कूल लगानीमा रहेको ऋण) | ५% भन्दा कम | ३.९२% |
| A2 | Non-Earning Assets / Total Assets (आय आर्जन नगर्ने सम्पत्ति/कूल सम्पत्ति) | ५% भन्दा कम | १.५०% |
| **R** | **RATES OF RETURN AND COST (लगानीमा प्रतिफल तथा लागत)** | | |
| R9 | Operating Expenses / Average Assets (संचालन खर्च/औषत सम्पत्ति) | ५% | २.३९% |
| R12 | Net Income / Average Assets (शद्ध बचत/औषत सम्पत्ति) | १०% | ०.९१% |

| PEARLS Ratio -kN;{cgkft_ | | GOALS | Result |
|---|---|---|---|
| **L** | **Liquidity** (तरलता) | | |
| L2 | Liquidity Assets / Total Savings Deposits (तरल सम्पत्ति/जम्मा बचत) | १०%–२०% | १८.४५% |
| **S** | **SIGNS OF GROWTH** (बृद्धिको संकेत) | | |
| S10 | Growth in Membership (सदस्यता बृद्धि) | १२% भन्दा बढि | ११.७९% |
| S11 | Growth in total Assets (कूल सम्पत्तिको बृद्धि) | मुद्रास्फिति भन्दा बढि | २३.८३% |

**B. B. Dangol & Associates**
Registered Auditors

COP No. 0750 'B'
ICAN Membership No. 2903
Firm No. 4086

# आभाष बचत तथा ऋण सहकारी संस्था लि.का सदस्य महानुभावहरु समक्ष
# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**राय**

हामीले **आभाष बचत तथा ऋण सहकारी संस्था लिमिटेड** को यसै साथ संलग्न २०७८ आषाढ ३१ गतेको वित्तिय स्थितीको विवरण र सोही मितिमा समाप्त बर्षको नाफा/नोक्सानको विवरण, नगद प्रवाह विवरण, ईक्विटिमा भएको परिवर्तन विवरण, प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा लेखापरीक्षणका मूख्य मामिलाहरुमा उल्लेखित बुंदाहरुले पर्ने असर बाहेक संलग्न वित्तिय विवरणहरुले संस्थाको २०७८ आषाढ ३१ गतेको वित्तीय स्थिति तथा उक्त अवधिमा समाप्त भएको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुन अनुसार सही र यथार्थ चित्रण गर्दछ ।

**रायको आधार**

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । हाम्रो प्रतिबेदनमा वित्तीय प्रतिबेदनको लेखापरीक्षणका लागि लेखापरीक्षकको जिम्मेबारी खण्डमा थप हाम्रो जिम्मेवारी बर्णन गरीएको छ । हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट लेखापरीक्षकहरुको लागि जारी भएको आचार संहिता तथा आचरणको प्रावधान अनुसार वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न हामी स्वतन्त्र छौ । हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचार संहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय ब्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ ।

**लेखापरीक्षणका मूख्य मामिलाहरु**

- सहकारी संघ संस्था दर्ता, संचालन। लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ को दफा २८ (१) अनुसार संस्थाले गरेको ऋण लगानीलाई वित्तिय विवरणको मितीमा भाखा ननाघेको ऋणलाई असल, एक वर्ष भन्दा कम भाखा नाघेको ऋणलाई शंकास्पद तथा एक वर्ष भन्दा बढि नाघेको ऋणलाई खराब ऋणमा वर्गीकरण गरि नियमानुसार क्रमशः १, ३५ र १०० प्रतिशतले जोखिम व्यहोर्ने कोषमा व्यवस्था गर्नुपर्नेमा असल र खराब ऋणको लागि जोखिम व्यहोर्ने कोषमा व्यवस्था गरिएको तर एक वर्ष भन्दा कम भाखा नाघेको ऋणको लागि ३५ प्रतिशतले जोखिम व्यहोर्ने कोषमा व्यवस्था गर्नुपर्नेमा असल ऋणकै हिसाबले १ प्रतिशत मात्र जोखिम व्यहोर्ने कोषमा व्यवस्था गरिएको पाईयो ।
- कोभिड १९ को कारणले लकडाउन अवधिभरको संस्था तथा कर्मचारीहरुले सामाजिक सुरक्षा कोषमा गर्नुपर्ने योगदान नेपाल सरकारले नै गरिदिने निर्णय गरेको थियो । तर सो अवधिको संस्था तथा कर्मचारीहरुले सामाजिक सुरक्षा कोषमा गर्नुपर्ने योगदानको रकम हाल सम्म पनि जम्मा भएको छैन । संस्थाले सो अवधिको संस्थाले गर्नुपर्ने योगदानको रकम खर्च लेखि र कर्मचारीहरुले सामाजिक सुरक्षा कोषमा गर्नुपर्ने योगदानको रकम मासिक तलबबाट कट्टि गरि सामाजिक सुरक्षा कोषलाई भुक्तानी गर्नुपर्ने दायित्व देखाएको छ । यसबाट सामाजिक सुरक्षा कोषमा कर्मचारीहरुको व्यक्तिगत खातामा सो अवधिको रकम जम्मा भएको छैन । सो अवधिको संस्थाले गर्नुपर्ने योगदानको रकम यस वित्तिय विवरणमा खर्च लेखि सकिएकोले आगामी समयमा नेपाल सरकारबाट सो रकम जम्मा भएमा फेरि आम्दानी बाँध्नुपर्ने हुन्छ ।

Address: Kathmandu, Nepal
Mobile No.: 9841290776
E-Mail Address: birendradangol@hotmail.com

- संस्थाले आफ्ना सदस्यहरुको स्वास्थ्य सम्बन्धि ठुला समस्याको लागि केहि योगदान होस भन्ने हेतुले आभाष सदस्य सुरक्षा कोष स्थापना गरेको छ । सो कोषमा अनिवार्य रुपमा प्रत्येक सदस्य एक पटक रु. २,०००।- तिरेर सदस्य हुनुपर्ने र यसबाट सदस्यलाई संस्थाले तोकिएको स्वास्थ्य समस्याहरु आईपरेमा निश्चित रकम सहयोग स्वरुप प्रदान गर्ने गरिएको छ । यसरी संस्थाले अनिवार्य भनिए तापनि संस्थाका सम्पूर्ण सदस्य यस कोषमा आवद्ध भएको पाईएन ।

**वित्तीय विवरणप्रति व्यवस्थापनको उत्तरदायित्व :**

नेपाल लेखामान र सम्बन्धित ऐन तथा अन्य नियम कानून अभ्यास अनुरुप वित्तीय विवरण तयार गर्ने तथा उचित प्रस्तुती गर्ने जिम्मेबारी व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय बिबरणहरु तयार पार्ने तथा वितीय विवरण प्रस्तुतीकरण सगं सम्बधित आन्तरीक नियन्त्रणको खाका तयार गर्ने, कार्यन्वयन गर्ने तथा त्यसको कायम राख्ने कार्यहरु पर्दछन । जसमा वितिय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा छैनन भन्ने कुरामा बिश्वस्त हुने ,उपयुक्त लेखानीतीहरुको छनौट र कार्यान्वयन गर्ने आबश्यकता अनुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन ।

